आज मिति २०८२ साल कार्तिक २४ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १३२औं नगर कार्यपालिका बैठक देयाहबमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

# १३२औ कार्यपालिका बैठकका कार्यसूचीहरु

१. सुरक्षित आप्रवासन कार्यविधि, २०८२ सम्बन्धमा ।
२. नदीजन्य पदार्थ ठेक्का अनुमोदन सम्बन्धमा ।
३. वार्षिक खरिद कार्ययोजना, २०८२ स्वीकृत सम्बन्धमा ।
४. हेफर इन्टरनेसनल सँग सहकार्यमा एकीकृत भीरकोट कृषि तथा पशु विकास परियोजना कार्यक्रम कार्ययोजना स्वीकृत र पेश्की सम्बन्धमा ।
५. गण्डकी प्रदेश विशेष अनुदान कार्यक्रम अनुमोदन तथा स्वीकृत सम्बन्धमा ।
६. पृथ्वीनारायण क्याम्पस पोखरामा अध्ययनरत विद्यार्थि विशाल काफ्लेलाइ परियोजनका कार्यक्रमका लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।
७. भीरकोट नगर अस्पताल संञ्चालन कार्यविधि, २०८० संशोधन सम्बन्धमा ।
८. ५०% अनुदानमा किसानहरुलाई वितरण गरिने आलुको विउ खरिदमा खरिदमा अपुग रकम व्यवस्थापन गर्ने सम्बन्धमा ।
९. डिजिटल भिलेज प्रोफाइल अद्यावधिक गर्नका लागि TOR स्वीकृत गर्ने सम्बन्धमा ।
१०. नगरपालिकाको ग्रिजी स्कृनिङ भाइब्रेटिङ मेसिनबाट उत्पादन हुने ढुङ्गाको रोयल्टी रकम निर्धारण गर्ने सम्वन्धमा ।
११. मेयर सम्वोधन कार्यक्रम संचालनको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा ।
१२. महिलासँङ्ग उपमेयर कार्यक्रम कार्यान्वयनको लागि बजेट विनियोजन गर्ने सम्वन्धमा ।
१३. विविध

# मिति २०८२।०७।२४ गतेको १३२ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

बैदेशिक रोजगारसंग सम्बन्धित तथ्याङ्क व्यवस्थापन, रोजगारमा जान चाहेका व्यक्तिलाई सुचना तथा परामर्श, सीप क्षमता तथा वैदेशिक रोजगारका कारण ठगि लगायतका समस्यामा परेकालाई न्यायमा पहुँच पुऱ्याउन आवश्यक सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि,२०८२ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं २**

भीरकोट नगरपालिकाले मिति २०८२।०६।१३ मा प्रकाशित नदीजन्य पदार्थको विक्रि सम्वन्धि सूचना अनुसार आँधिखोलाका विभिन्न घाटहरुमा रहेको IEE प्रतिवेदनले तोकेको परिमाणको नदीजन्य पदार्थ उपयोग एवं विक्रि वितरणका लागी बोलपत्र आह्वान गरिएकोमा प्रचलित खरिद कानून बमोजिम गरिएको मुल्यांकन सिफारिस समेतका आधारमा देहायको ठेक्का अनुमोदन गरी नियमानुसार सम्झौता प्रक्रिया अगाडि बढाउने ।

<u>तपसिल</u>

| क्र.स. | स्वीकृत बोलपत्रकर्ता संस्थाको नाम | नदीजन्य पदार्थ उत्खनन हुने क्षेत्र | कबोल रकम रु. (भ्याट सहित) | उत्खनन् परिमाण घ.मि. |
|---|---|---|---|---|
| १ | डि एण्ड डि कन्स्ट्रक्सन, बेलबास | हेलु बगर | २१,५१,०००। | ३५७१.०४ |
| २ | के.एण्ड के कन्स्ट्रक्सन, भीरकोट | ओडारे मुनि बगर | १५,१५,०००। | ४३२५.४९ |
| ३ | सर्मिला निर्माण सेवा, पाल्पा | सिम्ले बगर र भीरकोट पार्क | १७,१५,०८६.६६। | ४७७२.९ |

**निर्णय नं ३**

भीरकोट नगरपालिकाको चालु आ.ब.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमको वार्षिक खरिद कार्ययोजना २०८२ स्वीकृत गर्ने ।

**निर्णय नं ४**

हेफर इन्टरनेसनल सँगको सहकार्यमा संचालन गर्न लागिएको एकीकृत भीरकोट कृषि तथा पशु विकास परियोजना कार्यक्रमको लागि नगरपालिकासँग भएको सम्झौता बमोजिम हेफर परियोजना वाट पेस हुन आएको देहाय बमोजिमको प्रथम कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने साथै परियोजनाको तपसिल बमोजिमको बुदा नं.१,२,३ कार्यान्वयन गर्नेगरी प्रथम किस्ताको पेश्की वापत रु २० लाख उपलब्ध गराउने ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

# भीरकोट नगरपालिका

## भीरकोट नगरपालिका, स्याङ्जा

*कार्यक्रम कार्यान्वनको लागि*

# *कार्ययोजना*

*पेश गरिएको कार्यालय :*
*भीरकोट नगरपालिकाको कार्यालय ।*

*पेश गर्ने :*
*भीरकोट कृषि तथा पशु विकास परियोजना (हेफर/दियालो)*

[illegible] लम्साल
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कुमार कर्माचार्य
नगर प्रमुख

१.कार्यक्रमको नाम : बीउ बाख्रा बितरण

लाभान्वित परिवार संख्या : १५० (वितरण गरिने संख्या १५०)
कार्यक्षेत्र : भीरकोट नगरपालिका वडा नं. १ देखि ९ सम्म ।
अवधी : आर्थिक बर्ष २०८२/८३, बिनियोजित बजेट : १२ लाख ७५ हजार ।
बिवरण :
२.कार्यक्रमको नाम : बाख्राको नश्ल सुधार कार्यक्रम (बीउ बोका बितरण)
लाभान्वित परिवार संख्या : १५० (बीउ बोका २४)
कार्यक्षेत्र : भीरकोट नगरपालिका वडा नं. १ देखि ९ सम्म ।
अवधी : आर्थिक बर्ष २०८२/८३ (बिनियोजित बजेट ७ लाख २० हजार)
बिवरण :

| | |
|---|---|
| विधि तथा प्रक्रिया | १) बाख्रा पालन व्यवसाय सञ्चालन गरेका वडा वा समूहलाई लक्षित गरी सार्वजनिक सूचना प्रकाशन गर्ने ।<br>२) वडा कार्यालयको सिफारिस, समूहको निर्णय र निवेदनका आधारमा उद्यमी छनौट गर्ने ।<br>३) जनप्रतिनिधीको रोहबरमा बाख्रा वितरण गर्ने ।<br>**बाख्राको स्पेशिफिकेशन:**<br>क) जात: उन्नत तथा स्थानीय जात वा तिनको बर्णशंकर<br>ख) जातिय गुण: जात अनुसारको गुणहरु प्रष्ट देखिने<br>ग) तौल: कम्तिमा १८ कि.ग्रा. जिवित तौल भएको<br>घ) उमेर: ६ महिना देखि २ वर्ष भित्रको<br>ङ) प्रजनन अंग: कुनै बिकृती नभएको<br>च) शारीरिक बनावट: कुनै बिकृती नभएको<br>छ) स्वास्थ्य अवस्था: बाँझोपन नभएको, निरोगी र निरोगिताको कागजात, भेटेरिनरी प्रमाणपत्र भएको<br>ज) बाख्रा खरिद गरिने सम्बन्धित पालिका वा वडा कार्यालयले जारि गरेको पी पी आर रोग बिरुद्ध खोप लगाएको प्रमाण खुल्ने कागजात<br>झ) १ वर्ष उमेर पुगेको बाख्राको हकमा १ पटक ब्याईसकेको वा गर्भिणी हुनुपर्ने । |
| फस्यौटका लागि पेश गर्नु पर्ने कागजात | १) बाख्रा पालन गर्न ईच्छुक व्यक्तिहरुका लागि सूचना आव्हान<br>२) कृषक/सदस्यहरुका लागि बीउ बाख्रा माग गरेको निर्णय, बाख्रा मागको निवेदन र वडा कार्यालयको सिफारिस<br>३) बाख्रा खरिदको बील भर्पाई र खरिद प्रक्रियाका कागजातहरु ।<br>४) बाख्राको बीमा र निरोगिताको कागजात<br>५) नगरपालिका/वडाका प्रतिनीधिको रोहवरमा बीउ बाख्रा वितरण गरेको माईन्युट<br>६) वडा कार्यालयबाट प्रमाणित गरिएको बाख्रा प्राप्त भरपाई<br>७) फोटो |

| | |
|---|---|
| **Activity**<br>क्रियाकलाप | **Buck placement**<br>**बीउ बोका वितरण (उपहार)** |
| **पृष्ठभुमी** | कृषि र पशुपालन नेपालीहरुको जीविकाको एक महत्वपूर्ण स्रोत हो । बाख्रापालन नेपालको सबै किसिमको हावापानीमा उपयुक्त देखिएकोले हिमाल, पहाड देखि तराई सम्म नै बाख्रापालन गरिने गरिएको छ । नेपालमा करिब एक करोड पैतिस लाख बाख्राहरु छन । साना किसान र सीमान्तकृत परिवारहरूको जीविकोपार्जनको महत्वपूर्ण स्रोत बाख्रा पनि हो । छोटो समयमा नै |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख

| | |
|---|---|
| | प्रतिफल हुने, हेरचाह गर्न सजिलो हुने सबै किसिमको हावापानीमा हुर्किन सक्ने, गाई वा भैसी जस्ता अन्य पशुधनलाइ भन्दा कम ठाउँमा पाल्न सकिने जस्ता विशेषताले गर्दा सिमान्तकृत, सिमित भूमि वा स्रोतहरू भएका परिवारहरूको लागि बाखापालनलाई राम्रो विकल्पको रुपमा लिन सकिन्छ । यद्यपि, हाड नाता प्रजनन र कम आनुवंशिक विविधताले बाखाको उत्पादन तथा उत्पादकत्वमा कमि हुने र विभिन्न किसिममा स्वास्थ्य समस्याहरू देखा पर्दछन । उच्च आनुवंशिक विशेषताहरू भएका बोकाको सिमित पहुँचको कारणले बाखाको प्रजनन एउटा ठूलो समस्याको रुपमा देखा परेको छ । त्यसैले समुदायलाई उच्च आनुवंशिक विशेषता भएका गुणस्तरीय बिउ बोका प्रदान गरी समग्र आनुवंशिक गुणस्तरमा सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि गराउने लक्ष्यका साथ यो क्रियाकलाप तय गरिएको छ । |
| **उद्देश्य** | १) बाखाको नश्ल सुधार गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।<br>२) स्थानीय स्तरमानै उन्नत नश्लका बिउ बोका तथा बाखाको उत्पादन गरी बाखा पालन व्यवसायलाई थप नाफामुखी बनाउदै किसानको आयआर्जन बृद्धि गर्ने । |
| **अपेक्षित उपलब्धी** | १) कार्यक्षेत्रमा भएका बाखाको नश्ल सुधारभई बाखाको गुणस्तरीय उत्पादन र उत्पादकत्व बृद्धि भएको हुनेछ ।<br>२) स्थानीय स्तरमानै उन्नत नश्लका बीउ बोका तथा बाखाको उत्पादन भई बाखा पालन व्यवसाय नाफामूलक भई किसानको आयआर्जन बृद्धि भएको हुनेछ । |
| **समयावधि** | खरिद प्रक्रिया शुरु भएको मितिले ३ महिना |
| **सहभागी** | बोका पालक कृषक, परियोजनाका कर्मचारी र नगरपालिकाका पशु प्राविधिक, केभ देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थिती र रोहबरमा उन्नत नश्लका बोका वितरण गरिन्छ ।<br>१) जनप्रतिनिधी (१ जना)<br>२) पशु शाखा प्रमुख वा प्राविधिक (१ जना)<br>३) कार्यक्रम संयोजक र प्राविधिक संयोजक<br>४) कार्यक्रम अधिकृत, हेफर (पशु प्रविधि र एक स्वास्थ्य विभाग)<br>५) किसानको प्रतिनिधी (१ जना) |
| **विधि तथा प्रक्रिया** | १) बाखा पालन व्यवसाय सञ्चालन गरेका वडा वा समूहलाई लक्षित गरी सार्वजनिक सूचना प्रकाशन गर्ने ।<br>२) समूह र बोका पालक कृषक बीच भएको सम्झौतापत्र वडा कार्यालयको सिफारिस र निवेदनका आधारमा उद्यमी छनौट गर्ने ।<br>३) माथी उल्लेखित सहभागीहरुको रोहबरमा बोका खरिद गरी वितरण गर्ने ।<br>**बोकाको स्पेसिफिकेशनः**<br>क) जातः उन्नत तथा स्थानीय जात वा तिनको बर्णशंकर<br>ख) जातिय गुणः जात अनुसारको गुणहरु प्रष्ट देखिने<br>ग) तौलः कम्तिमा ३५ कि.ग्रा. जिवित तौल भएको<br>घ) उमेरः ८ महिना देखि १ वर्ष भित्रको<br>ङ) प्रजनन अंगः कुनै बिकृती नभएको र दुबै अण्डकोष विकसित र बराबर आकारको भएको<br>च) शारीरिक बनावटः कुनै बिकृती नभएको<br>छ) स्वास्थ्य अवस्थाः निरोगी र निरोगिताको प्रमाणपत्र (भेटेरिनरी प्रमाणपत्र) भएको<br>ज) बोका खरिद गरिने सम्बन्धित पालिका वा वडा कार्यालयले जारि गरेको पी पी आर रोग विरुद्ध खोप लगाएको प्रमाण खुल्ने कागजात |

| कार्ययोजना | क्रियाकलाप | जिम्मेवारी | समय सिमा |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | बोका पालनका लागि सूचना प्रकाशन, लाभग्राही छनौट | कार्यक्रम संयोजक | कम्तीमा ७ दिनको सुचना प्रकाशन |
| | बोका खरिद, वितरण र फस्यौट | हेफरको पशु चिकित्सकसँग समन्वय गरी प्राविधिकं संयोजक | लाभग्राही छनौट पश्चात |
| | बोकाको बीमा | बीमा कम्पनीसँगको समन्वयमा प्राविधिक संयोजक | बोका वितरण गरे पश्चात |
| | प्रजनन सेवाको अभिलेखीकरण | बोका पालक कृषक | हरेक महिना समूहको बैठकम पेश गर्ने |
| | स्वास्थ्य उपचार | प्राविधिक संयोजक | आवश्यकता अनुसार |
| | बोकाको साटफेर | प्राविधिक संयोजक | बोका ल्याएको १ वर्ष वा १५ महिनामा |
| अनुगमन | नगरपालिकाका जनप्रतिनिधी, कर्मचारी, परियोजनासँग सम्वन्धित कर्मचारीहरुद्वारा बोका खरिद तथा वितरण भईरहेको समयमा स्थलगत अनुगमन गरी पृष्ठपोषण दिने । | | |
| पेश गर्नु पर्ने कागजात | १) बीउ बोका माग गरेको निर्णय, वडा कार्यालयको सिफारिस सहित बोका पाल्ने उद्यमी छनौट गरेको समूहको निर्णय र मागको निवेदन<br>२) बोका पाल्ने उद्यमी र समुह बीच भएको शर्त सहितको सम्झौता ।<br>३) बोका खरिदको बील भर्पाई र खरिद प्रक्रियाका कागजातहरु ।<br>४) बोकाको बीमा र निरोगिताको कागजात ।<br>५) नगरपालिका/वडाका प्रतिनीधिको रोहवरमा बीउ बोका वितरण गरेको माईन्युट<br>६) वडा कार्यालयबाट प्रमाणित बोका प्राप्त भरपाई<br>७) फोटो | | |

**३. कार्यक्रमको नाम : सानेन बाखाको स्रोत केन्द्र निर्माण**
**लाभान्वित परिवार : भीरकोट नगरपालिका वडा नं. ८ का २५ परिवार ।**
**क्रियाकलाप उनीहरुसँगको छलफल र वडा तथा पालिकाको छलफल पश्चात ।**
**लागत बजेट : १ लाख**

**४.कार्यक्रमको नाम : केभ परिचालन**
**लाभान्वित परिवार : भीरकोट नगरपालिकाको दुर्गम क्षेत्र ।**
**सामुदायिक कृषि तथा पशु उद्यमी तालिम (केभ तालिम)**
**प्रस्तावित बजेट : ६० हजार**

| **Activity**<br>क्रियाकलाप | **CAVE training**<br>केभ तालिम |
|---|---|
| पृष्ठभुमी | परियोजना संचालन भएका विभिन्न ग्रामीण क्षेत्रबाट योग्यता पुगेका नेपाली नागरिक जो त्यस क्षेत्रमा कृषि तथा पशुपालन गर्ने र अन्य कृषकलाई सेवा पनि उपलब्ध गराउन इच्छुक हुन्छन उनिहरुलाई नेपाल सरकारको पाठ्यक्रम अनुसार ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम प्रदान गरिन्छ। त्यो तालिम संगै उनिहरुलाई सात दिनको विशेष गरि तरकारी खेतिलाई प्राथमिकता दिएर कृषि सम्वन्धि तालिम पनि संचालन गरिन्छ । यसरी कृषि तथा पशुपालन |

लक्ष्मण जमोल
प्रमुख प्रशासकीय अधिकृत

रविन्द्र कुमार कर्माचार्य
नगर प्रमुख

| | |
|---|---|
| | तथा पशु स्वास्थ्यको ज्ञान सीप हासिल गरेका जनशक्तिलाई परियोजनाको भाषामा सामुदायिक कृषि तथा भेटेरिनरी उद्यमी भनिएको छ । उनिहरुलाई पशु चिकित्सक र कृषि बिज्ञको प्रत्यक्ष निगरानीमा परियोजना क्षेत्र तथा आसपासका कृषकहरुलाई दिगो रुपमा कृषि, पशुपालन तथा पशु स्वास्थ्य संग सम्बन्धि बिभिन्न सेवा प्रवाहको सुनिश्चितताका लागि सघन रुपमा परिचालन गरिन्छ । केभहरुले तालिम पश्चात आफ्नो क्षेत्रमा कृषि तथा पशु सम्बन्धि नमुना व्यवसाय गर्दछन र प्राविधिक सेवा पनि प्रवाह गर्दछन ।<br>परियोजनाले केभलाई नमुना कृषक (Model Farmer) वा कृषि तथा पशुपालन उद्यमीको रुपमा स्थापित गर्ने उद्देश्य राखेको हुन्छ र छिमेकका अन्य कृषकहरुका लागि सिकाईको थलोको रुपमा स्थापित गर्दछ । यसरी विकास भएका केभहरूलाई परियोजनामा साधारण यातायात खर्च उपलब्ध गराई कृषक संग व्यवसायिक सम्बन्ध स्थापना गर्न, नियमित सेवा परिचालन, तालिम संचालन लगायतका कृयाकलाप गर्नका लागि परिचालित हुन्छन । |
| उद्देश्य | १. कृषि तथा पशुपालन तथा पशु स्वास्थ्यको ज्ञान सीप हासिल गरेका जनशक्ति उत्पादन गरि ग्रामीण क्षेत्रमा रहेका कृषकहरूको सेवामा पहुँचको सुनिश्चितता गर्ने ।<br>२. केभलाई नमुना कृषक (Model Farmer) वा कृषि तथा पशुपालन उद्यमीको रुपमा स्थापित गर्ने र छिमेकका अन्य कृषकहरुका लागि सिकाईको थलोको रुपमा विकास गर्ने ।<br>३. पशु तथा कृषि उत्पादन सामाग्रीहरु स्थानीय स्तरमानै उपलव्ध गराउने । |
| अपेक्षित उपलब्धी | १. कृषि तथा पशुपालन तथा पशु स्वास्थ्यको ज्ञान सीप हासिल गरेका जनशक्ति उत्पादन गरि ग्रामीण क्षेत्रमा रहेका कृषकहरूको सेवामा पहुँच बृद्धि भएको हुनेछ ।<br>२. केभलाई नमुना कृषक (Model Farmer) वा कृषि तथा पशुपालन उद्यमीको रुपमा स्थापित गरी छिमेकका अन्य कृषकहरुका लागि सिकाईको थलोको रुपमा विकास भएको हुनेछ ।<br>३. पशु तथा कृषि उत्पादन सामाग्रीहरु स्थानीय स्तरमानै उपलव्ध हुनेछन ।<br>४. पशुपंक्षीहरुको मृत्युदरमा कमी आई कृषि उपज पशु वस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धिमा टेवा पुगेको हुनेछ ।<br>५. केभहरु उद्यमीका रुपमा विकास भई स्वरोजगार भएका हुनेछन । |
| समयावधि | छनौट भएको मितिले ३ महिना |
| सहभागी | भीरकोट नगरपालिका भित्रका मापदण्ड पुगेका महिला, पुरुष, अन्य |
| विधि तथा प्रक्रिया | **केभ छनौट प्रक्रिया**<br>१) कम्तिमा सात दिनको स्याद सहितको सुचना प्रकाशन गर्ने ।<br>२) सुचना सम्बन्धित वडामा टास गर्ने र परियोजना क्षेत्रमा सबैलाई सुसुचित गर्ने ।<br>३) योग्यता तथा मापदण्डहरू पुरा गरेका इच्छुक व्यक्तिको वडा कार्यालय मार्फत आवेदन संकलन गर्ने ।<br>४) स्थानीय तहका पशु सेवा शाखा प्रमुख वा प्रतिनिधी र परियोजनाका कर्मचारीको उपस्थितीमा अन्तरवार्ता तथा अनुगमन गरि अंक दिने ।<br>५) छनौट भएका सहभागीहरुलाई तालिमका लागि सम्बन्धित वडा कार्यालय र स्थानीय तह अन्तरगतको पशु सेवा शाखाबाट सिफारिस गर्ने ।<br>**केभले तालिममा सहभागी हुनका लागि पेश गर्नुपर्ने कागजातहरु:**<br>१) नेपाली नागरिकताको सक्कल प्रति<br>२) एसएलसी वा एसईई पास गरेको लब्धाङ्कपत्रको सक्कल प्रति<br>३) पासपोर्ट साईजको फोटो ५ प्रति<br>४) सम्बन्धित वडा कार्यालय र स्थानीय तह अन्तरगतको पशु सेवा शाखाको सिफारिस |

... लम्साल
प्रमुख प्रशासकीय अधिकृत

... कुमार ...
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | ५) परियोजना सहजीकरण गर्ने स्थानीय साझेदार संस्थाको सिफारिस पत्र<br>नोटः माथि उल्लेखित कागजातहरु केभ छनौट लगत्तै संकलन गरी अभिलेखीकरण गर्नुपर्ने छ ।<br>**तालिमका विषयवस्तुः**<br>१) ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम<br>➢ शैद्धान्तिक कक्षाहरु<br>➢ प्रयोगात्मक कक्षाहरु<br>➢ एक दिने पशु व्यवस्थापन अवलोकन भ्रमण<br>➢ कम्तीमा तीन वटा पशु स्वास्थ्य शिविर<br>२) सात दिने आधारभुत कृषि तालिम<br>➢ नर्शरी व्यवस्थापन (शैद्धान्तिक र प्रयोगात्मक)<br>➢ टनेल तथा मल्चिङ् प्रविधि<br>➢ प्रमुख बाली, तरकारी तथा फलफूलको उत्पादन प्रविधि<br>➢ माटो विज्ञान | | |
| **कार्ययोजना** | **क्रियाकलाप** | **जिम्मेवारी** | **समय सिमा** |
| | तालिम पश्चात केभ र साझेदार संस्थाबीच काम गर्ने विषयमा सम्झौता | प्राविधिक संयोजक र परियोजना संयोजक | तालिम समापनको एक हप्ता भित्र |
| | सम्बन्धित पालिका र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा केभलाई सुचिकृत | प्राविधिक संयोजक | तालिम समापनको एक महिना भित्र |
| | केभ र कार्यक्षेत्र भित्रका समूहहरुबीच परिचयात्मक छलफल तथा अन्तरक्रिया | प्राविधिक संयोजक र सामुदायिक सहजकर्ता | तालिम समापनको एक महिना भित्र |
| | भेटेरिनरी सामाग्री तथा उपकरण हस्तान्तरण र अभिमुखीकरण | परियोजना संयोजक,प्राविधिक संयोजक, लेखापाल र पशु चिकित्सक हेफर | तालिम समापनको एक महिना भित्र |
| | सेवा प्रवाह | केभ | सम्बन्धित निकायमा सुचिकृत भए पश्चात |
| | केभको दुर्घटना बीमा | लेखापाल | केभसँगको सम्झौता पश्चात |
| **अनुगमन** | १) नगरपालिकाका जनप्रतिनिधी र कर्मचारी, परियोजना संयोजक र प्राविधिक संयोजकले तालम सञ्चालन भईरहेको समयमा स्थलगत अनुगमन गरी पृष्ठपोषण दिने ।<br>२) हेफरको पशु प्रविधि तथा एक स्वास्थ्य विभागका पशु चिकित्सकद्वारा सम्झौता अनुरुप तालिम सञ्चालन भए नभएको अनुगमन गर्ने र सोहि क्रममा एक स्वास्थ्य तथा परियोजनाको उद्देश्य सम्बन्धि दुईवटा कक्षा सहजीकरकण गर्ने । | | |
| **पेश गर्नु पर्ने कागजात** | १) साझेदार संस्था/पालिकाद्धारा प्रकाशित सुचना<br>२) एसएलसी वा एसईई पास गरेको लब्धाङ्कपत्रको प्रतिलिपी<br>३) नेपाली नागरिकको प्रतिलिपी<br>४) सम्बन्धित वडा कार्यालय र स्थानीय तह अन्तरगतको पशु सेवा शाखाको सिफारिस<br>५) परियोजना सहजीकरण गर्ने स्थानीय साझेदार संस्थाको सिफारिसपत्र | | |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | |
|---|---|
| | ६) केभ तालिमका लागि निबेदन<br>७) छनौट प्रकृयाका कागजातहरु<br>८) सुचिकृत भएका कम्तिमा ३ वटा तालिम सेवा प्रदायक संस्थाको सारभूत रुपमा प्रभावग्राही दरभाउ पत्र<br>९) तालिम सेवा प्रदायक संस्थाको छनौटका कागजातहरू<br>१०) तालिम सेवा प्रदायक संस्थासंग गरिएको सम्फौता-पत्र<br>११) तालिम प्राप्त केभको प्रमाणपत्रको प्रतिलिपी<br>१२) रकम भुक्तानीको अनुरोध पत्र<br>१३) रकम भुक्तानी गरेको प्रमाण |

**५. कार्यक्रमको नाम : नर्सरी स्थापना ।**

**लाभान्वित परिवार : भीरकोट नगरपालिका वडा नं. १ देखि ९ सम्म ।**

**प्रस्तावित बजेट : २ लाख १० हजार**

**विवरण :**

| **Activity**<br><br>क्रियाकलाप | **Fruit/Vegetable seeds and sapling support**<br><br>**बेमौसमी तरकारी खेतिका लागि टनेल** |
|---|---|
| पृष्ठभुमी | भीरकोट नगरपालिकामा तरकारी र फलफूल उत्पादनको राम्रो सम्भावना रहेको छ । मौसमी तथा बेमौसमी तरकारी र अमिला जातका फलफूलहरु विशेषगरी सुन्तला उत्पादन गर्ने कृषकहरु दिनानुदिन बढ्दै गएका छन । साना किसानहरुका लागि गुणस्तीय बीउ तथा विरुवा छनौट गर्ने कार्य चुनौतिपूर्ण छ । बीउ तथा विरुवा उत्पादक/विक्रेताहरुसँग साना किसानहरुको पहुँच नपुग्ने र गुणस्तरीय बीउ वा विरुवा हो, होईन भनी छुट्याउन नसक्ने अवस्थामा बढी मुल्यमा कमसल खालको बीउ विरुवाहरु प्राप्त गर्दा उत्पादन लागत बढी हुने र प्रतिफल कम हुने समस्या देखिएको छ । यस कार्यक्रमले किसानहरुलाई शुलभ मुल्यमा उच्च उत्पादकता भएका बीउ/विरुवा उपलब्ध गराई तिनीहरुको उत्पादन र आम्दानी बृद्धि गर्न सहयोग पुग्दछ । सुन्तला बगैंचा व्यवस्थानका लागि विरुवाको काँटछाट गरे पश्चात निलोतुथो लगाउनु अनिवार्य हुन्छ । जसले गर्दा सुन्तलामा रोग नलाग्ने र उत्पादन बृद्धि हुने भएकोले यसै कार्यक्रमबाट निलोतुथो समेत सहयोग गर्न सकिन्छ । |
| उद्देश्य | १) कृषकहरुलाई सुधारिएको र उच्च गुणस्तरीय फलफूल तथा तरकारीको बीउ/विरुवा प्रदान गर्नु ।<br>२) उत्पादनशीलता बृद्धि गराई खाद्य सुरक्षा सुनिश्चित गर्नु ।<br>३) उत्पादन लागतमा कम गरी कृषकको आम्दानी बृद्धि गर्नु । |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

<table>
<tr><td>अपेक्षित उपलब्धी</td><td colspan="3">१) गुणस्तरी तरकारी र फलफूलको बीउ तथा विरुवा वितरण गरी कृषकहरुको आम्दानी वृद्धि भएको हुनेछ ।</td></tr>
<tr><td>समयावधि</td><td colspan="3">२ सिजन (हिउँद र वर्षा)</td></tr>
<tr><td>सहभागी</td><td colspan="3">तरकारी खेतीमा आवद्ध कृषकहरु</td></tr>
<tr><td>विधि तथा प्रक्रिया</td><td colspan="3">१) सुचना प्रकाशन<br>२) समूहको माग निवेदन, वडाको सिफारिस<br>३) कृषकहरु छनौट गर्ने ।<br>४) संस्थाद्वारा सुचिकृत आपूर्तिकर्ताहरुबाट कोटेशन माग गरी दरभाउ यकिन गर्ने ।<br>५) खरिद गर्ने ।<br>६) जनप्रतिनिधीहरुको रोहवरमा वितरण गर्ने ।</td></tr>
<tr><td rowspan="5">कार्ययोजना</td><td>क्रियाकलाप</td><td>जिम्मेवारी</td><td>समय सिमा</td></tr>
<tr><td>सुचना प्रकाशन, कृषक छनौट र सम्झौता</td><td>कार्यक्रम संयोजक</td><td>सिजन अनुसार</td></tr>
<tr><td>तरकारी र फलफूलको बीउ विरुवा खरिद र वितरण</td><td>कार्यक्रम संयोजक</td><td>सिजन अनुसार</td></tr>
<tr><td>तरकारी रोपण</td><td>कृषक र प्राविधिक संयोजक</td><td></td></tr>
<tr><td>निलो तुथो वितरण</td><td>प्राविधिक संयोजक</td><td>माघ</td></tr>
<tr><td>अनुगमन</td><td colspan="3">नगरपालिका जनप्रतिनिधी, कर्मचारी</td></tr>
<tr><td>पेश गर्नु पर्ने कागजात</td><td colspan="3">१) सुचनाको प्रतिलिपि<br>२) समूहको माग निवेदन, निर्णय र वडा कार्यालयको सिफारिस<br>३) लाभग्राही छनौट<br>४) बीउ तथा विरुवा खरिद गरिएको अवस्थामा खरिदसँग सम्वन्धित कागजातहरु<br>५) सक्कल बील, भरपाई<br>६) कार्यसम्पन्न प्रतिवेदन र वडाको सिफारिस<br>७) फोटो</td></tr>
</table>

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार [illegible]
नगर प्रमुख

६. कार्यक्रमको नाम : साना पशुको लागि खोर निर्माण ।
लाभान्वित परिवार : भीरकोट नगरपालिका वडा नं. १ देखि ९ सम्म ।
प्रस्तावित बजेट : ३० लाख
विवरण :
साना पशुको खोर निर्माण

| Activity<br>क्रियाकलाप | **Shed construction/improvement for small animal**<br>साना पशुको खोर निर्माण (बाखा र बंगुर) |
|---|---|
| पृष्ठभुमी | साना पशु विशेषगरी बाखा र बंगुर खोरमा पाल्ने गरिन्छ । बाखालाई गाई, भैंसीको गोठको पछाडिको खाँवा वा कतै किल्ला ठोकेर बाध्ने र साँझ गोठको कुनामा बनाईएको सानो खोर वा कृषक आफै सुत्ने गरेको स्थानमा किला ठोकी राख्ने पनि गर्दछन । बंगुरलाई मलखादमा राख्ने र काठको सानो घेराबार भित्र थुन्ने गरेको पनि देखिन्छ । बाखा वा बंगुरको उत्पादन र उत्पादकत्व बृद्धिका लागि खोर निकै महत्वपूर्ण मानिन्छ । तर कृषकहरुको यसको महत्व नबुझी खाली बाघ वा जंगली जनावरबाट बचाउनका लागि रातीको समयमा आफु सुत्ने ठाउँमै किल्ला ठोकी बाध्ने वा गारो लगाई सानो कोठी बनाएर राख्ने गर्दछन । उक्त खोरको आकार निकै सानो हुन्छ र भेन्टिलेसन हुँदैन । जुत्तो वर्षको १ पटक खेत बारीमा मल हाल्ने बेला निकाल्ने चलन छ । जसले गर्दा बाखाको रौं झर्ने, खोक्ने, दुव्लाउने र मृत्यु सम्म हुन सक्दछ ।<br>यस क्रियाकलापले बाखा तथा बंगुर पालक उद्यमीहरुका लागि व्यवस्थित र उचित मापदण्डको खोर निर्माणमा सहयोग पुर्याउँछ । जसले गर्दा वालिङ नगरपालिकामा परम्परागत रुपमा निर्माण भएका खोरहरुको प्रतिस्थापन भई व्यस्थित खोरहरु निर्माण भई साना पशुहरु (बाखा र बंगुर) को उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न सहयोग पुग्दछ । |
| उद्देश्य | १) स्थानीय स्रोत सामग्रीहरुको प्रयोग गरी उचित मापदण्डका व्यवस्थित खोर निर्माण गर्ने ।<br>२) साना पशुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।<br>३) परम्परागत रुपमा पालिदै आएको बाखा पालन व्यवसायलाई आधुनिक र व्यवस्थित रुपमा रुपान्तरण गर्ने । |
| अपेक्षित उपलव्धी | १) स्थानीय स्रोत सामग्रीहरुको प्रयोग गरी उचित मापदण्डका व्यवस्थित खोर निर्माण भएका हुनेछन ।<br>२) व्यवस्थित खोर निर्माणको मार्फत पशुको उत्पादन तथा उत्पादकत्व बृद्धिमा सहयोग पुगेको हुनेछ ।<br>३) परम्परागत रुपमा पालिदै आएको बाखा तथा बंगुरपालन व्यवसायलाई आधुनिक र व्यवस्थित भएका हुनेछन । |
| समयावधि | सम्झौता भएको मितिले ४ महिना |
| सहभागी | व्यवस्थित खोर निर्माणका लागि छनौट भएका लाभग्राही र परियोजनाका कर्मचारी तथा नगरपालिकाका प्राविधिक, केभ |
| विधि तथा प्रक्रिया | १) बाखा तथा बंगुरपालन व्यवसाय सञ्चालन गरेका वा गर्न ईच्छुक वडा बा समूहलाई लक्षित गरी सार्वजनिक सूचना प्रकाशन गर्ने ।<br>२) ईच्छुक व्यक्ति वा समूहबाट प्राप्त भएका निवेदन, माईन्युट र वडा कार्यालयको सिफारिसको आधारमा मूल्यांकन गरी लाभग्राही छनौट गर्ने ।<br>३) छनौट भएका लाभग्राहीसँग वा समूहसँग सम्झौता गर्ने |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | ४) खोर निर्माणको डिजाईन ईस्टिमेट तयार गरी मिस्त्री र लाभग्राहीलाई अभिमुखीकरण गर्ने ।<br>५) खोर निर्माणमा प्रयोग हुने सामग्रीहरु, बाख्रा तथा बंगुरको खोरको न्यूनतम मापदण्ड र आवश्यक क्षेत्रफल को बारेमा अभिमुखीकरण गर्ने र निर्माणका बेला अनुगमन गरी पृष्ठपोषण दिने ।<br>६) काम सम्पन्न भए पश्चात तोकिएको ढाँचामा खोर निर्माणको विवरण भएको १.५X१ वर्गफुटको सूचना बोर्ड देखिने गरी खोरमा राख्ने ।<br>७) खोरको भुक्तानी गर्दा प्राविधिक मूल्यांकनको ५० प्रतिशत वा रु ३०,००० मध्ये जुन कमी हुन्छ सोही बराबरको रकममा नियम बमोजिम करकट्टी गरी बैंक मार्फत भुक्तानी दिने । | | |
| कार्ययोजना | क्रियाकलाप | जिम्मेवारी | समय सिमा |
| | खोर निर्माणका लागि सूचना प्रकाशन, लाभग्राही छनौट | कार्यक्रम संयोजक | कम्तीमा ७ दिनको सुचना प्रकाशन |
| | खोरको डिजाईन ईस्टिमेट तयार | पालिका र हेफरको पशु चिकित्सक र नगरपालिकाको प्राविधिक शाखासँग समन्वय गरी प्राविधिक संयोजक | लाभग्राही छनौट पश्चात |
| | खोर निर्माण गर्ने व्यक्ति वा समूहसंग सम्झौता | कार्यक्रम सयोजक | छनौट भएको १ हप्ता भित्र |
| | खोर निर्माण गर्ने व्यक्ति र मिस्त्रीलाई अभिमुखीकरण | प्राविधिक संयोजक | खोर निर्माणको काम शुरु हुनु अगावै |
| | अनुगमन र पृष्ठपोषण | प्राविधिक संयोजक | खोर निर्माणका बेला |
| | सुचना बोर्ड तयारी | उद्यमी/सामुदायिक सहजकर्ता | खोर निर्माणको काम सम्पन्न भएसँगै |
| | खोरको अन्तिम मूल्यांकन प्रतिवेदन तयार | पालिका र हेफरको पशु चिकित्सक र नगरपालिकाको प्राविधिक शाखासँग समन्वय गरी प्राविधिक संयोजक | खोर निर्माणको काम सम्पन्न भएसँगै |
| | फर्स्यौट | प्राविधिक संयोजक/सामुदायिक सहजकर्ता | खोर निर्माणको काम सम्पन्न भएसँगै |
| अनुगमन | नगरपालिकाका जनप्रतिनिधी, कर्मचारी, परियोजनासँग सम्बन्धित कर्मचारीहरुद्वारा खोर निर्माण भईरहेको समयमा स्थलगत अनुगमन गरी पृष्ठपोषण दिने । | | |
| पेश गर्नु पर्ने कागजात | १) खोर निर्माण गर्न ईच्छुक व्यक्तिहरुका लागि सूचना आव्हान गरेको सुचनाको प्रतिलिपि<br>२) कृषक/सदस्यहरुले खोर निर्माणका लागि माग गरेको निर्णय, मागको निवेदन र वडा कार्यालयको सिफारिस<br>३) खोर निर्माणका लागि गरिएको सम्झौतापत्र<br>४) खोर निर्माणको बील भर्पाई र डोर हाजिरी फारम ।<br>५) डिजाईन र ईस्टिमेट<br>६) अन्तिम मूल्यांकन प्रतिवेदन<br>७) भुक्तानीका लागि वडा कार्यालयको सिफारिस र खोर निर्माण गर्ने व्यक्तिको निवेदन (बैंक खाता उल्लेखित)<br>८) फोटो | | |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

७. कार्यक्रमको नाम : टनेल निर्माण (मौसमी तथा बेमौसमी तरकारी खेती प्रवर्द्धन तथा उत्पादन कार्यक्रमका लागि )।

लाभान्वित परिवार : भीरकोट नगरपालिका वडा नं. १ देखि ९ सम्म ।

प्रस्तावित बजेट : ७ लाख ५० हजार

विवरण :

बेमौसमी तरकारी खेतिका लागि टनेल

| | |
|---|---|
| **Activity** क्रियाकलाप | **Agri equipment's machine and materials: tunnel** बेमौसमी तरकारी खेतिका लागि टनेल |
| पृष्ठभुमी | परम्परगत प्रविधि प्रयोग गरि निर्वाहमुखि कृषि भैरहेको वर्तमान अवस्थामा कृषिकर्मका आधुनिक तथा उन्नत प्रविधि हस्तान्तरणका लागि यो कार्यक्रम गर्न खोजिएको हो । व्यवसायिक कृषिका लागि उन्नत यान्त्रिकरण प्रविधि, आधुनिक तथा उन्नत कृषि प्रविधि हस्तान्तरण गरि कृषकको समयको वचत, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै आम्दानी वृद्धि गरी कृषिलाई व्यवसायिकरण गर्न गरिने कृषि औजार, उपकरण, उन्नत प्रविधि सहयोगनै कृषि औजार तथा उपकरण सहयोग कार्यक्रम हो । यस कार्यक्रम बाट लक्षित समुहका कृषकहरुले आधुनिक कृषि प्रविधिको प्रयोगद्धारा क्षमतावृद्धि गरि आर्थिकोपार्जन गर्न सक्नेछन् । विशेष गरि बेमौसमी तरकारी खेतिको माध्यमबाट वैकल्पिक आम्दानी वृद्धिका लागि नजिकैको बजार माग र बजार मूल्य लाई मध्यनजर गरि बेमौसममा प्लाष्टिकघर भित्र तरकारी खेति गर्ने उन्नत प्रविधि हस्तान्तरणका लागि यस कार्यक्रम केन्द्रित छ । यस कार्यक्रम अन्तर्गत कृषक समुह सदस्यहरु मध्ये उत्कृष्ट एवं नमुना कृषक छनौट गरि प्लाष्टिकघरमा टमाटर खेतिको उन्न्त प्रविधि प्रर्दशनि प्लट स्थापना गरिनेछ । सो कार्यको लागि सामाग्री जस्तै; ९०/१२० जि.एस.एम प्लाष्टिक, बीउविजन, प्लाष्टिकट्रे, कोको पिट, थोपा सिंचाई प्रविधि सेट, जाली, मल्चिङ्ग प्लास्टिक, जैविक विषदि, जैविक मल, झोल मल निर्माणका लागि ड्रम, स्प्रेएर, फेरेमोन ट्रयाप, इ.एम झोल आदि आवश्यक पर्नेछ । यसरी नमुना प्रदशनी प्लट स्थापना पश्चात समुहका अन्य सदस्यहरुले सोहि अनुरुप आ-आफ्नो प्लाष्टिक घर निर्माण गर्नेछन् र यस कार्यक्रमको माध्यमबाट लक्षित वर्गले उन्नत प्रविधिको माध्यमबाट आफ्नो ज्ञान, सीप अभिवृद्धि गर्नुका साथै कृषक समुहहरु माझ उन्नत प्रविधिको प्रसार गन सहयोग पुगदछ । |
| उद्देश्य | १) उन्नत प्रविधि प्रर्दशनी प्लट (प्लास्टिक टनेल भित्र तरकारी खेती) को माध्यमबाट कृषक समूहहरु माझ उन्नत प्रविधिको प्रसार गर्ने । |

नारायण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख

| | |
|---|---|
| | २) बेमौसमी तरकारी खेती मार्फत कृषकको आयआर्जनमा बृद्धि गर्ने । |
| अपेक्षित उपलव्धी | १) तरकारी खेतीका लागि उन्नत प्रविधिको प्रसार भएको हुनेछ ।<br>२) बेमौसमी तरकारी खेती मार्फत कृषकको आयआर्जनमा बृद्धि भएको हुनेछ । |
| समयावधि | ४ महिना |
| सहभागी | तरकारी खेतीमा आवद्ध कृषकहरु |
| विधि तथा प्रक्रिया | **टनेलका लागि प्लाष्टिक सहयोग हकमा,**<br>१) बेमौसमी तरकारी खेतीका लागि टनेल निर्माण गर्न ईच्छुक कृषकहरुलाई लक्षित गरी सुचना प्रकाशन गर्ने ।<br>२) कृषकहरु छनौट गर्ने ।<br>३) संस्थाद्वारा सुचिकृत आपूर्तिकर्ताहरुबाट कोटेशन माग गरी दरभाउ यकिन गर्ने ।<br>४) प्रति टनेल निर्माणका लागि आवश्यक प्लाष्टिक खरिदका लागि पेश भई आएको न्यूनतम मुल्यको ५० प्रतिशत रकम सम्बन्धित कृषकले तोकिएको बैंक खातामा दाखिला गनुपर्ने छ ।<br>५) खरिद गर्ने ।<br>४) जनप्रतिनिधीहरुको रोहवरमा वितरण गर्ने ।<br>**स्थायी टनेल निर्माण गर्नेहरुको हकमा,**<br>१) बेमौसमी तरकारी खेतीका लागि स्थायी टनेल निर्माण गर्न ईच्छुक कृषकहरुलाई लक्षित गरी सुचना प्रकाशन गर्ने ।<br>२) कृषकहरु छनौट गर्ने ।<br>३) टनेलको डिजाईन, स्टिमेट तयार गरी छनौट भएका कृषकहरुसँग सम्झौता गर्ने ।<br>४) टनेल निर्माणको काम सम्पन्न भए पश्चात अनुगमन र प्राविधिक मुल्यांकन गरी प्रति टनेलमा मूल्यांकनको ५० प्रतिशत वा रु. ३०,०००।०० (तीस हजार) मध्ये जुन कमी हुन्छ सो बराबरको रकममा नियमानुसार करकट्टी गरी बैंक मार्फत भुक्तानी गर्ने ।<br>**कृषकहरुले देहाय बमोजिमका आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्न सक्नेछन ।**<br>९०/१२० जि.एस.एम सिलपोलिन प्लास्टिक, विउ वीजन, प्लास्टिक ट्रे, कोको पिट, थोपा सिंचाई प्रविधि सेट, जाली, मल्चिङ्ग प्लास्टिक, जैविक विषादि, जैविक मल, स्टेकिंग थ्रेड, क्लिप, झोल मल निर्माणका लागि ड्रम, स्प्रेयर, फेरेमोन ट्र्याप, इ.एम झोल आदि । |

| कार्ययोजना | क्रियाकलाप | जिम्मेवारी | समय सिमा |
|---|---|---|---|

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

...न्द्र कुमार ...चार्य
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | सुचना प्रकाशन, कृषक छनौट र सम्झौता | कार्यक्रम संयोजक | कार्तिक |
| | टनेलका लागि प्लाष्टिक खरिद | कार्यक्रम संयोजक | मंसिर |
| | टनेल निर्माण | कृषक, प्राविधिक संयोजक | मंसिर |
| | नर्शरी स्थापना | कृषक, प्राविधिक संयोजक | मंसिर |
| | तरकारी रोपण | कृषक र प्राविधिक संयोजक | पुस |
| अनुगमन | नगरपालिका जनप्रतिनिधी, कर्मचारी | | |
| पेश गर्नु पर्ने कागजात | १) उद्यमी छनौटका लागि प्रकाशित सुचनाको प्रतिलिपि<br>२) उद्यमी छनौट गरेको माईन्युट<br>३) खरिद गरिएको अवस्थामा खरिदसँग सम्वन्धित कागजातहरु<br>४) उद्यमीसँग गरिएको सम्झौता पत्र<br>५) डिजाईन ईस्टिमेट<br>६) सक्कल बील, भरपाई<br>७) मूल्यांकन प्रतिवेदन र वडाको सिफारिस<br>८) फोटो | | |

**८. कार्यक्रमको नांम : तरकारीको बीउ तथा विरुवा वितरण**
**लाभान्वित परिवार : भीरकोट नगरपालिका वडा नं. १ देखि ९ सम्म ।**
**प्रस्तावित बजेट : ४ लाख**
**विवरण :**
**तरकारी तथा फलफुलको बीउ, विरुवा सहयोग**

| | |
|---|---|
| **Activity** | **Fruit/Vegetable seeds and sapling support** |
| **क्रियाकलाप** | **बेमौसमी तरकारी खेतिका लागि टनेल** |
| **पृष्ठभुमी** | भीरकोट नगरपालिकामा तरकारी र फलफूल उत्पादनको राम्रो सम्भावना रहेको छ । मौसमी तथा बेमौसमी तरकारी र अमिला जातका फलफूलहरु विशेषगरी सुन्तला उत्पादन गर्ने कृषकहरु दिनानुदिन बढ्दै गएका छन । साना किसानहरुका लागि गुणस्तीय बीउ तथा विरुवा छनौट गर्ने कार्य चुनौतिपूर्ण छ । बीउ तथा विरुवा उत्पादक/विक्रेताहरुसँग साना किसानहरुको पहुंच नपुग्ने र गुणस्तरीय बीउ वा विरुवा हो, होईन भनी छुट्याउन नसक्ने अवस्थामा बढी मुल्यमा कमसल |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | |
|---|---|
| | खालको बीउ विरुवाहरु प्राप्त गर्दा उत्पादन लागत बढी हुने र प्रतिफल कम हुने समस्या देखिएको छ। यस कार्यक्रमले किसानहरुलाई शुलभ मुल्यमा उच्च उत्पादकता भएका बीउ/विरुवा उपलब्ध गराई तिनीहरुको उत्पादन र आम्दानी बृद्धि गर्न सहयोग पुग्दछ। सुन्तला बगैचा व्यवस्थानका लागि विरुवाको काँटछाट गरे पश्चात निलोतुथो लगाउनु अनिवार्य हुन्छ। जसले गर्दा सुन्तलामा रोग नलाग्ने र उत्पादन बृद्धि हुने भएकोले यसै कार्यक्रमबाट निलोतुथो समेत सहयोग गर्न सकिन्छ। |
| **उद्देश्य** | १) कृषकहरुलाई सुधारिएको र उच्च गुणस्तरीय फलफूल तथा तरकारीको बीउ/विरुवा प्रदान गर्नु।<br>२) उत्पादनशीलता बृद्धि गराई खाद्य सुरक्षा सुनिश्चित गर्नु।<br>३) उत्पादन लागतमा कम गरी कृषकको आम्दानी बृद्धि गर्नु। |
| अपेक्षित उपलब्धी | १) गुणस्तरी तरकारी र फलफूलको बीउ तथा विरुवा वितरण गरी कृषकहरुको आम्दानी बृद्धि भएको हुनेछ। |
| **समयावधि** | २ सिजन (हिउँद र वर्षा) |
| **सहभागी** | तरकारी खेतीमा आवद्ध कृषकहरु |
| **विधि तथा प्रक्रिया** | १) सुचना प्रकाशन<br>२) समूहको माग निवेदन, वडाको सिफारिस<br>३) कृषकहरु छनौट गर्ने।<br>४) संस्थाद्वारा सुचिकृत आपूर्तिकर्ताहरुबाट कोटेशन माग गरी दरभाउ यकिन गर्ने।<br>५) खरिद गर्ने।<br>६) जनप्रतिनिधीहरुको रोहवरमा वितरण गर्ने। |

| **कार्ययोजना** | **क्रियाकलाप** | **जिम्मेवारी** | **समय सिमा** |
|---|---|---|---|
| | सुचना प्रकाशन, कृषक छनौट र सम्झौता | कार्यक्रम संयोजक | सिजन अनुसार |
| | तरकारी र फलफूलको बीउ विरुवा खरिद र वितरण | कार्यक्रम संयोजक | सिजन अनुसार |
| | तरकारी रोपण | कृषक र प्राविधिक संयोजक | |
| | निलो तुथो वितरण | प्राविधिक संयोजक | माघ |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार [illegible]
नगर प्रमुख

| | |
|---|---|
| अनुगमन | नगरपालिका जनप्रतिनिधी, कर्मचारी |
| पेश गर्नु पर्ने कागजात | १) सुचनाको प्रतिलिपि<br>२) समूहको माग निवेदन, निर्णय र वडा कार्यालयको सिफारिस<br>३) लाभग्राही छनौट<br>४) बीउ तथा विरुवा खरिद गरिएको अवस्थामा खरिदसँग सम्बन्धित कागजातहरु<br>५) सक्कल बील, भरपाई<br>६) कार्यसम्पन्न प्रतिवेदन र वडाको सिफारिस<br>७) फोटो |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

तपसिल

| क्र.स | क्रियाकलाप | Description | स्रोत | दर | लक्ष्य | बजेट |
|---|---|---|---|---|---|---|
| १ | विउ बाखा वितरण | Goat placement | LG | ८,५०० | १५० | १,२७५,००० |
| २ | विउ बोका वितरण | Buck placement | LG | ३०,००० | २४ | ७२०,००० |
| ३ | सानेन बाखाको स्रोत केन्द्र निर्माण | Goat resource center promotion support: Saanen goat | LG | १००,००० | १ | १००,००० |
| | | | | जम्मा रकम रु | | २०,७५,००० |

निर्णय नं ५

भीरकोट नगरपालिकाको चालू आ.व. मा गण्डकी प्रदेश सरकारबाट विनियोजित विशेष अनुदान तर्फको बजेट रकम रु. ४० लाखको तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रमगत/क्रियाकलापगत खर्च स्वीकृति तथा अनुमोदन गर्ने ।

तपसिल

| क्र.स. | प्रस्तावित क्रियाकलाप | अनुमानित बजेट (रु.) | क्रियाकलापहरु |
|---|---|---|---|
| १ | फलफूल बगैंचा व्यवस्थापन तालिम | ३,००,०००/- | -बोर्डो मिक्स्चर, बोर्डो पेन्ट तयार गर्न र प्रयोग गर्न सिकाउने<br>- रोग किरा व्यवथापन तालिम<br>- उत्पदनोपरान्त प्रविधि एवम बजारीकरणमा सहयोग |
| २ | IPM कृषक पाठशाला | ३,००,००० /- | - कृषक समुह/ महिला समुहमा कृषक पाठशाला संचालन |
| ३ | मौरी प्रबर्द्धन कार्यक्रम | ८,००,००० /- | - मौरी पालन तालिम<br>- मौरी घार वितरण |
| ४ | रैथाने बाली प्रबर्द्धन कार्यक्रम | ३,००,००० /- | - रैथाने बालीको बिउ वितरण<br>- उत्पादन प्रविधिवारे तालिम संचालन<br>- बजारीकरणमा सहयोग |
| ५ | मौसमी तरकारी बिउ, जैविक एबम प्रांगारिक विषादी वितरण कार्यक्रम | ३,००,०००/- | - विभिन्न तरकारी बालीको बिउ वितरण<br>- बाली पात्रो निर्माण |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | | | - जैविक एवम प्रांगारिक मल वितरण<br>- विषादी वितरण<br>- प्रांगारिक कृषि एवं जैविक विषादी सम्वन्धि जनचेतना कार्यक्रम |
| ६ | कृषि मेला प्रदर्शनी तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम | ३,००,००० /- | - कृषि मेला प्रदर्शनी आयोजना<br>- विभिन्न विधामा उत्कृस्ठ कृषक सम्मान |
| ७ | कार्यक्रम अनुगमन तथा मुल्यांकन | १,५०,०००/- | - अनुगमन, पृष्ठपोषण, सल्लाह सुझाव, विवरण संकलन, प्रतिवेदन |
| ७ | स्थानीय पशु प्रयोगशाला | ३,००,०००/- | - आधारभूत प्रयोगशाला उपकरण खरिद<br>- पशु रक्त/दुध परिक्षण सेवा<br>- प्रयोगशाला प्राविधिक तालिम |
| ८ | पशुमा घुम्ती बझोपन निवारण शिविर | २ ,००,०००/- | - कृषकको गोठ/खोरमा गएर पशुमा चेकजाँच,औषधी वितरण तथा परामर्श सेवा |
| ९ | निशुल्क पशु उपचार शिविर | ५,००,०००/- | - परामर्श सेवा तथा औषधि वितरण |
| १० | हर्ड हाईजिन | २,००,०००/- | - जैविक सुरक्षा |
| ११ | पशुपन्छीहरुमा परजिवि बिरुद औषधी खरिद | २,००,०००/- | - पशुमा परजीवी विरुद्ध औषधी खुवाएर मासु उत्पादन मा बृदी |
| १२ | ब्यवसायिक पशुपंक्षी फर्महरुमा मासिक अनुगमन | १,५०,०००/- | - फर्ममा आएका समस्याको पहिचान गर्ने<br>- विवरण संकलन,प्रतिबेदन |
| | जम्मा | ४०,००,०००/- | |

**निर्णय नं ६**

पृथ्वीनारायण क्याम्पस पोखरामा अध्ययनरत विद्यार्थी विशाल काफ्लेलाई परियोजना कार्य संचालन गर्नको लागि रु. २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७**

भीरकोट नगरपालिकाद्धारा संचालित भीरकोट नगर अस्पताल संचालन तथा व्यवस्थापनको लागि वनेको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि तपसिल बमोजिम संशोधन गर्ने ।

<u>तपसिल</u>

| परिच्छेद र दफा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|

लक्ष्मण ... पौडेल
प्रमुख प्रशासकीय अधिकृत

... कुमार कार्की
नगर प्रमुख

| | | |
|---|---|---|
| परिच्छेद ३ को दफा ४.३ | समितिको अन्तिम लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण गर्ने लेखा परीक्षकबाट हुनेछ। | ख) समितिको अन्तिम लेखा परीक्षण रजिष्टर अडिटरबाट हुनेछ।<br>ग) लेखापरीक्षणको प्रतिवेदन अस्पताल व्यवस्थापन समितिबाट अनुमोदन गरिनेछ । |
| परिच्छेद २ को दफा ३.१ | छ) अस्पताल प्रमुख<br>झ) अस्पताल संयोजक-सदस्य सचिव | हटाइएको<br>अस्पताल प्रमुख-सदस्य सचिव |

**निर्णय नं ८**

नगरपालिका अन्तर्गतका किसानहरुलाई ५०% अनुदानमा खायन आलुको विउ वितरण गरिएकोमा माग उच्च भई खायन आलु अनुदान तथा व्यवस्थापन शिर्षकमा विनियोजित बजेट अपुग भएको हुँदा रु.३ लाख ५० हजार मेयर सम्बोधन कृषि तथा साना सिंचाई बजेट शिर्षकबाट विनियोजन गर्ने ।

**निर्णय नं ९**

भीरकोट नगरपालिकाको डिजिटल प्रोफाइल अद्यावधिक गर्नका लागि कार्यक्षेत्रगत शर्त (TOR) स्वीकृत गरी खरिद कानून बमोजिम परामर्श सेवाबाट कार्यप्रक्रिया थाल्ने ।

**निर्णय नं १०**

नगरपालिकाले ग्रिजि स्क्रिनिङ भाइब्रेटर मेसिनबाट निश्कासन हुने बोल्डर विक्रि गर्दा नगरपालिका क्षेत्र बाहिर पैठारी गरिने ढुंगाको मुल्य प्रति घन मिटर रु.६०० कायम गर्ने ।

**निर्णय नं ११**

चालु आ.ब.२०८२/८३ मा स्वीकृत बजेट तथा कार्यक्रम शिर्षक मेयर संबोधन कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम संञ्चालन/कार्यान्वयन हुनेगरी तपसिल बमोजिम बजेट विनियोजन गर्ने ।

<u>तपसिल</u>

| क्र.स. | बजेट शिर्षक | योजनाको नाम | ठेगाना | विनियोजित बजेट रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेयर संबोधन खानेपानी तथा मर्मत संभार | शिवजि र राधाकृष्ण टोलमा सार्वजनिक धारा निर्माण | वडा नं. ०१ | ३५,०००। | |
| २ | मेयर संबोधन आकस्मिक तथा विभिन्न खर्च | जोगीफाँट र मर्तमास जोड्ने झोलुङ्गे पुल संरक्षण | वडा नं. ०१ र ०७ | १८,०००। | |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं १२

चालु आ.ब.२०८२/८३ मा स्वीकृत बजेट तथा कार्यक्रम शिर्षक महिलासँग उपमेयर कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम संचालन/कार्यान्वयन हुनेगरी तपसिल बमोजिम बजेट विनियोजन गर्ने ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजित बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | लालिगुरास आमा समुह भवन ट्रस निर्माण | वडा नं. ०८ | २,००,०००। | |
| २ | नौमति पञ्चेबाजा मगर आमा समुह | वडा नं. ०६ | ५०,०००। | |
| ३ | न्यायिक समिति सम्वन्धी एप निर्माण | | २,००,०००। | |

निर्णय नं १३

चालु आ.ब.२०८२/८३ मा भीरकोट नगरपालिका मार्फत संञ्चालन हुनेगरी संघीय शशर्त अनुदान मार्फत विनियोजन भएका तपसिल बमोजिमका आयोजनाहरुमा नगरपालिकाको समपुरक कोष बाट रु ५/५ लाखका दरले बजेट थप गर्ने गरी स्रोत सुनिश्चितता गरी नियमानुसार खरिद प्रक्रिया अगाडि वढाउने ।

तपसिल

| क्र.स. | योजनाको नाम | संघीय शशर्त अनुदान मार्फत विनियोजित | नगरपालिकाको मौज्दात बाट थप बजेट रकम | कुल वजेट रकम |
|---|---|---|---|---|
| १ | बयरघारी बजार वनिथोक देउराली हुँदै विरुवा गा.पा. वडा नं. १ र ८ भई विरुवा गा.पा. सम्म सदरमुकाम सम्म जाने सडक, भीरकोट न.पा.१ | २५,००,०००। | ५,००,०००। | ३०,००,०००। |
| २ | ढापुकफेदी खोरवार लामडाँडा सडक भीरकोट न.पा.८ | २५,००,०००। | ५,००,०००। | ३०,००,०००। |
| ३ | पाङ्छाङ् जलविरे मैदान सडक स्तरोन्नती, भीरकोट न.पा | २५,००,०००। | ५,००,०००। | ३०,००,०००। |
| ४ | छेक्ने दोवाटो धोवादी चिउरीखर्क खिलुङ सडक स्तरोन्नती,भीरकोट न.पा. | २५,००,०००। | ५,००,०००। | ३०,००,०००। |
| ५ | स्याङ्जा जिल्ला भीरकोट न.पा. वयरघारी वानेथोक विरुवा मोटरबाटो स्याङ्जा | २५,००,०००। | ५,००,०००। | ३०,००,०००। |

लक्ष्मराज लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख